# त्रैमासिक कर बुलेटिन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) सँग सम्बन्धित

## स्वत: प्रकाशन (Pro-active Discloser)

## (२०८० कार्तिकदेखि पुष मसान्तसम्म)




नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय दाङ

# करदाता सेवा कार्यालय

## चकचके, प्यूठान

(कार्यक्षेत्र : प्यूठान र रोल्पा जिल्ला)

# विषय-सूची

१कार्यालयको स्वरुप र प्रकृतिः ........................................................१

२कार्यालयको काम कर्तव्य र अधिकारः......................................................१

३ःकरदाता सेवा कार्यालयको स्वीकृत दरबन्दी विवरण.........................................१

३.१. सङ्गठन संरचना र वर्तमान अवस्था ................................................. २

३.२ कार्यरत कर्मचारीहरुको विवरण ........................................................ २

४कार्यालयबाट प्रदान गरिने सेवा..........................................................३

५.सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ..............................................३

५.१ शाखा र जिम्मेवार अधिकारी .......................................................३

५.२शाखागत कार्य विवरण ................................................................ ४

५.२.१ सेवा शाखा/बायोमेट्रिक शाखा........................................................ ४

५.२.२सङ्कलन शाखा.......................................................................... ४

५.२.३आर्थिक प्रशासन शाखा.................................................................. ४

५.२.४प्रशासन तथा जिन्सी शाखा ............................................................ ५

५.२.५फाईलिङ्ग शाखा........................................................................ ५

६सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि. ..................................................... ५

७निर्णय गर्ने प्रक्रिया र अधिकारी.......................................................... ७

८निर्णय उपर उजुरी सुन्ने अधिकारी. ........................................................ ७

९सम्पादन गरेको कामको विवरण............................................................ ७

९.१ त्रैमासिक कार्य प्रगति विवरण ......................................................... ७

९.२ त्रैमासिक अवधिमा सम्पादित अन्य महत्वपूर्ण कार्यहरु ........................................ ८

१०सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद. ............................................ ९

११ऐन., नियम वा विनियम वा निर्देशिकाको सूची ................................................ ९

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण ............................ ९

१३. तोकिए बमोजिमका अन्य विवरण.......................................................... ९

१३.१ सेवा प्रवाह सुदृढीकरणका प्रयासहरु ...................................................... ९

१३.२ करदाता शिक्षा कार्यक्रम सञ्चालन .......................................................११

१४. विविधः ........................................................................................ १४
१५कार्यालयको. सम्पर्क ............................................................................... १५
१९कार्यालयमा परेका सूचना सम्बन्धी माग विवरण र सो को जानकारी दिएको विषय............. १५
२०कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने. भए सो को विवरणः ..................... १५

# त्रैमासिक कर बुलेटिन

(२०८० कार्तिकदेखि पुष मसान्तसम्म)

## १. कार्यालयको स्वरुप र प्रकृतिः

प्यूठान र रोल्पा जिल्ला कार्यक्षेत्र रहेको यस करदाता सेवा कार्यालय चकचके, प्यूठान जिल्लाको माण्डवी गाउँपालिका वडा नं. ३ स्थित जस्पुर बजारमा अवस्थित छ । यस कार्यालयको कार्यक्षेत्र अन्तरगतका प्रमुख व्यापारिक केन्द्रहरुमा प्यूठान जिल्लाको प्यूठान नगरपालिकास्थित बाग्दुला, बिजुवार, स्वर्गद्धारी नगरपालिकाको भिङ्ग्री, सरुमारानी गाउँपालिकाको दर्भानबजार, मल्लरानी गाउँपालिकाको खलंगा बजार(सदरमुकाम) एवं रोल्पा जिल्लाको रोल्पा नगरपालिकास्थित लिवाङ बजार, सुनिलस्मृति गाउँपालिकास्थित सुलीचौर बजार आदि रहेका छन्। नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार आन्तरिक राजस्व कार्यालय दाङको मातहत रही सेवाप्रवाह - गर्ने गरीमिति २०७७ असार १७ मा यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क सम्बन्धी कानूनी व्यवस्थाहरुको कार्यान्वयन गर्दै सेवा-प्रवाह गर्दछ। यस कार्यालयले राजस्व सङ्कलनका अतिरिक्त नयाँ व्यवसाय दर्ता गरी स्थायी लेखा नम्बर प्रदान ,व्यक्तिगत स्थायी नम्बर लेखा ,विथहोल्डी स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता व्यक्तिगत/व्यवसायीक कर चुक्ता प्रमाण पत्र जारी अन्तःशुल्क इजाजतपत्र प्रदान,मूल्य अभिवृद्धि कर समायोजन जस्ता प्रशासनिक कार्य/सेवा प्रदान गर्दछ। यस कार्यालयको कार्यालय कोड ३०५०४५५०१ हो।

## २.कार्यालयको काम कर्तव्य र अधिकारः

यस कार्यालयले प्यूठान ,रोल्पा जिल्लाका अधिकाशं (गंगादेव, त्रिवेणी र रुन्टीगढी गाउँपालिकाबाहेक) २ जिल्लाभित्र करदाता सेवा सँग सम्बन्धित सेवा प्रवाह गर्दछ। यस कार्यालयको कामकर्तव्य र अधिकार निम्नबमोजिम रहेको छः ,

- आय कर प्रशासनसम्बन्धी कार्य।
- मूल्य अभिवृद्धि कर प्रशासन सम्बन्धी कार्य।
- अन्तःशुल्क प्रशासन सम्बन्धी कार्य।
- स्थायी लेखा नम्बर प्रदान।
- करचुक्ता प्रमाणपत्र प्रदान।
- कर शिक्षा तथा कर चेतना कार्यक्रम सम्बन्धी कार्य।
- बजार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य।

## ३.करदाता सेवा कार्यालयको स्वीकृत दरबन्दी विवरणः

### ३.१. सङ्गठन संरचना र वर्तमान अवस्था

| सि.नं. | पद | सेवा/समूह | श्रेणी तह | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | दरवन्दी संख्या | दरबन्दी पूर्ती | दरबन्दी रिक्त | |
| १ | कर अधिकृत | नेपाल प्रशासन/राजस्व | रा.प. तृतीय | १ | १ | | |
| २ | नायव सुब्बा | नेपाल प्रशासन/राजस्व | रा.प.अनं. प्रथम | २ | १ | १ | |
| ३ | डाटा ईन्ट्री सुपरभाईजर/ कम्प्युटर अपरेटर | विविध | रा.प.अनं. प्रथम | १ | १ | | |
| ४ | हलुका सवारी चालक | - | श्रेणी विहिन | १ | १ | | |
| ५ | कार्यालय सहयोगी | - | श्रेणी विहिन | १ | १ | | |
| **जम्मा** | | | | ६ | ६ | | |

### ३.२ कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री उपेन्द्रबहादुर पुन | कर अधिकृत | कार्यालय प्रमुख |
| २ | श्री हेतुराम पुन | नायब सुब्बा | |
| ३ | श्री सुमन चौधरी | डाटा इन्ट्री सुपरभाइजर | |
| ४ | श्री ढकबहादुर | हलुका सवारी चालक | काज आ.रा.का. तुल्सीपुर |
| ५ | श्री शम्भु जि.एम. | कार्यालय सहयोगी | |
| ६ | श्री दिपक खड्का | सुरक्षा गार्ड | |
| ७ | श्री तारा खड्का | सुरक्षा गार्ड | |
| ८ | श्री नमी हौजाली | स्वीपर | |

## ४.कार्यालयबाट प्रदान गरिने सेवा

- Personal PAN, Business PAN, Withholder-PAN जारी गर्ने,
- मूल्य अभिवृद्धि कर दर्ता र अन्तःशुल्क इजाजतपत्र जारी तथा नवीकरण गर्ने,
- करदाताको बायोमेट्रिक लिने,
- विद्युतीय बीजक अनुमति प्रदान गर्ने,
- कर चुक्ता प्रमाणपत्र जारी गर्ने,
- फर्म/स्थायी लेखा नम्बर दर्ता खारेज,
- आयकर छुट प्रमाण पत्र जारी गर्ने,
- आय विवरण र कर विवरण रुजु गर्ने,
- द्रुत कर परीक्षण गर्ने,
- करदाताको कारोबार स्थलको ठाउँसारी ,कारोवार थप, नाम/विवरण संसोधन, व्यवसाय नामसारी,
- करदाताले कर रकम दाखिला गर्दा गलत भएमा भौचर संशोधन गर्ने ।

## ५.सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

### ५.१ शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | सेवा शाखा / सङ्कलन शाखा (एउटै कक्षबाट सञ्चालन) | श्री उपेन्द्रबहादुर पुन | ९८६७८१६९०१ |
| | | श्री हेतुराम पुन | ९८५७८३६०५६ |
| | | श्री सुमन चौधरी | ९८४७८८७१११ |
| २ | प्रशासन शाखा | श्री हेतुराम पुन | ९८५७८३६०५६ |
| ३ | आर्थिक प्रशासन शाखा | श्री कृष्णबहादुर पुन मगर | ९८६६९०९५४८ |
| | जिन्सी शाखा | श्री हेतुराम पुन | ९८५७८३६०५६ |
| ४ | वायोमेट्रिक शाखा | श्री सुमन चौधरी | ९८४७८८७१११ |
| ५ | दर्ता / चलानी / फाईलिङ्ग / सोधपुछ शाखा | श्री शम्भु जि.एम. | ९७४९९७८३१३ |

## ५.२शाखागत कार्य विवरण

### ५.२.१ सेवा शाखा/बायोमेट्रिक शाखा

१. बायोमेट्रीक विवरण लिने,
२. ब्यक्तिगत स्थायी लेखा नम्बर जारी गर्ने,
३. ब्यवसाय दर्ता गर्ने,
४. कारोबारको विवरण अध्यावधिक गर्ने (PDCR),
५. ब्यवसायको ठाउँसारी गर्ने,
६. ब्यवसायको नामसारी गर्ने,
७. व्यवसाय खारेजी सम्बन्धि कार्य,

### ५.२.२सङ्कलन शाखा

१. कर चुक्ता प्रमाणपत्र जारी गर्ने,
२. मुल्य अभिवृद्धि कर समायोजन सम्बन्धि कार्य गर्ने,
३. आयकर तथा मुल्य अभिवृद्धि कर बक्यौता असुलीसम्बन्धि कार्य,
४. बजार अनुगमन,
५. राजस्व भौंचर संशोधन (Voucher PDCR),
६. द्रुत कर परीक्षण सम्बन्धि कार्य,

### ५.२.३आर्थिक प्रशासन शाखा

१. आन्तरिक राजस्व विभागबाट प्राप्त अख्तियारी आम्दानी बाँध्ने,
२. विभिन्न खर्च शिर्षकहरुमा खर्च गर्नको लागि गोस्वारा भौंचर तयार गर्ने,
३. गोस्वारा भौचर अनुसार भुक्तानी आदेश तयार गरी स्वीकृतिका लागि पेस गर्ने,
४. स्वीकृत भुक्तानि आदेश को.ले.नि.का. पठाई निकासा लिने र खर्च गर्ने,
५. राजस्व रकम दैनिक रुपमा राजस्व खातामा जम्मा गर्ने, फाँटवारी तयार गरी प्रतिवेदन गर्ने,
६. कार्यालयमा प्राप्त हुन आएको धरौटी रकम धरौटी खातामा जम्मा गर्ने, नियमानुसार फिर्ता गर्ने, सदरस्याहा गर्ने र फाँटवारी तयार गरी प्रतिवेदन गर्ने,
७. मासिक प्रतिवेदन तयार गरी को.ले.नि.का. र तालुक मन्त्रालयमा पठाउने,
८. आर्थिक प्रशासनसँग सम्बन्धित स्रेस्ता सुरक्षित साथ राख्ने,
९. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउने र महालेखापरीक्षकको कार्यालयबाट खटिइआएको टोलीबाट अन्तिम लेखा परीक्षण गराउने,
१०.लेखा परीक्षणबाट बेरुजु देखिन आएमा सम्परीक्षण गराउने र फछ्र्यौट गराउने,

### ५.२.४प्रशासन तथा जिन्सी शाखा

१. कार्यालयको दर्ता, चलानी तथा चिट्ठी पत्र आदानप्रदानलाई ब्यवस्थित बनाउने,
२. कार्यालयमा आवश्यक पर्ने सामानहरुको खरिद आदेश स्वीकृत गराई खरिद गर्ने,
३. खरिद भएका सामानहरुको बिल संलग्न राखी दाखिला रिपोर्ट बनाई जिन्सी खातामा आम्दानी बाँध्ने,
४. जिन्सी खाताहरु अद्यावधिक गर्ने,
५. कार्यालयमा रहेका प्रयोगमा ल्याउन नसकिने पुराना र जीर्ण जिन्सी सामानरुको लागत तयार गरी लिलासम्बन्धि कार्य गर्ने,
६. आर्थिक वर्षको अन्तिममा जिन्सी निरीक्षण गराउने,
७. जिन्सी सामानहरु भण्डारमा सुरक्षित साथ राख्ने,
८. कार्यालयका प्रत्येयक कोठामा बन कार्ड तयार गरी राख्ने,

### ५.२.५फाईलिङ्ग शाखा

१. फाईल संरक्षण सम्बन्धी कार्य,
२. फाइल व्यवस्थापन सम्बन्धी कार्य,

## ६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | जिम्मेवार शाखा |
|---|---|---|---|---|
| १ | व्यावसायिक, निकायगत र व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) दर्ता | नि:शुल्क | सोही दिन | करदाता सेवा शाखा |
| २ | विथहोल्डर स्थायी लेखा नम्बर (WPAN) दर्ता | नि:शुल्क | सोही दिन | करदाता सेवा शाखा |
| ३ | मूल्य अभिवृद्धि कर (VAT) दर्ता | नि:शुल्क | सोही दिन | करदाता सेवा शाखा |
| ४ | करदाताको बायोमेट्रिक | नि:शुल्क | सोही दिन | करदाता सेवा शाखा |
| ५ | अन्त:शुल्क ईजाजत पत्र जारी/नविकरण | इजाजत अनुसारको राजस्व रकम दाखिला गर्नु पर्ने | भौचर RAS मा आए पश्चात | करदाता सेवा शाखा / करदाता आफैले जनुसुकै स्थानबाट |
| ६ | कर चुक्ता प्रमाणपत्र | नि:शुल्क | भौचर RAS मा आए पश्चात | करदाता सेवा शाखा / करदाता आफैले जनुसुकै स्थानबाट |

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | जिम्मेवार शाखा |
|---|---|---|---|---|
| ७ | आयकर छुट प्रमाण पत्र जारी गर्ने | नि:शुल्क | सोही दिन | करदाता सेवा शाखा |
| ८ | कर विवरण र आय विवरण रुजु गर्ने | विवरण अनूसारको राजस्व दाखिला गर्नु पर्ने | भौचर RAS मा आए पश्चात | करदाता सेवा शाखा |
| ९ | विद्युतिय बीजक अनुमति प्रदान | नि:शुल्क | स्थलगत निरीक्षण गरिसकेपछी | करदाता सेवा शाखा |
| १० | करदाताको कारोबार स्थलको ठाउँसारी, नामसारी, कारोबार थप लगायत सुरु दर्ता निकायबाट भएको संशोधनलाई अद्यावधिक | नि:शुल्क | सोही दिन | करदाता सेवा शाखा |
| ११ | राजस्व भौंचर संशोधन | नि:शुल्क | सोही दिन | सङ्कलन शाखा |
| १२ | कर बक्यौता हिसाब मिलान | नि:शुल्क | सोही दिन | सङ्कलन शाखा |
| १३ | मूल्य अधिवृद्धि कर समायोजन | नि:शुल्क | कागजात प्रमाण पेश गरेको आधारमा/सोही दिन | सङ्कलन शाखा |
| १४ | स्थायी लेखानम्बर स्थगन/खारेजी | नि:शुल्क | कागजात प्रमाण पेश गरेको आधारमा | करदाता सेवा शाखा/ सङ्कलन शाखा |
| १५ | दर्ता, चलानी, फाराम, निवेदनको ढाँचा र सोधनी | नि:शुल्क | सोही दिन | दर्ता / चलानी / फाईलिङ्ग / सोध-पुछशाखा |

**द्रस्टव्य:**

१. भुक्तानी गर्नुपर्ने राजस्व रकम विद्युतीय माध्यमबाट वा बैङ्कमा दाखिला गर्ने प्रवन्ध रहेको छ। त्यसरी दाखिला हुने राजस्व रकम बाहेक कार्यालयमा पेस गर्ने निवेदन, विवरण तथा फारामहरु एवं सबै प्रकारका सेवा बापत कुनै शुल्क, दस्तुर बुझाउनु नपर्ने ।

२. बायोमेट्रिक दर्ताका लागि सम्बन्धित करदाता अनिवार्य उपस्थित हुनुपर्ने । अन्य कार्यका लागि करदाता उपस्थित हुन नसकेमा अख्तियारनामा संलग्न हुनुपर्ने ।

३. माथि उल्लेखित समयावधि सबै कागजात पेस भएको र सामान्य अवस्थामा भएमा बढी कार्यचाप (भिड) भएको अवस्थामा पालो प्रणाली अनुसार सेवा दिईने ।

४. सेवा प्रवाहका सम्बन्धमा कुनै गुनासो वा सुझाव भएमा कार्यालय प्रमुख समक्ष (कोठा नं. ३) मा सम्पर्क राख्न सकिने । साथै कार्यालयमा रहेको सुझाव पेटीकामा वा टेलिफोनबाट वा इमेलमा समेत गुनासो तथा सुझाव राख्न सकिने ।

## ७.निर्णय गर्ने प्रक्रिया र अधिकारी

ना.सु/डा.ई.सु/कम्प्युटर अपरेटरबाट टिप्पणी उठान/पेस भई कर अधिकृत (कार्यालय प्रमुख)बाट निर्णय हुने ब्यवस्था छ ।

## ८.निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयबाट हुने निर्णयका सम्बन्धमा उजुरी सुन्ने अधिकारी आन्तरिक राजस्व कार्यालय, तल्सीपुर,दाङका प्रमुख कर अधिकृत तथा आन्तरिक राजस्व विभागका महानिर्देशक ।

## ९.सम्पादन गरेको कामको विवरण


### ९.१ त्रैमासिक अवधिसम्मको कार्य प्रगति विवरण

यस कार्यालयबाट संवत् २०८० श्रावण देखी २०८० पुष मसान्त सम्ममा सम्पादन भएका मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:-

| क्र. सं. | परिसूचक | पुष महिनासम्मको लक्ष्य | कार्य प्रगति | प्रगति % | कै. |
|---|---|---|---|---|---|
| १ | राजस्व सङ्कलन (रु.) | २७,८६,७४,४००।- | १५,२५,१३,९७०।- | ५८ | |
| २ | बक्यौता संकलन (रु.) | ५७,११,७००।- | ८९,३८,१६०।- | १५६ | |
| ३ | बजार अनुगमन (संख्या) | २२.५ | ३७ | १६४ | |
| ४ | बजार अनुगमनबाट जरिवना संकलन (रु.) | २०,४००। | ३०,०००। | १४७ | |
| ५ | अनुगमन र समन्वयबाट दर्ता (संख्या) | ६ | ८ | १३३ | |
| ६ | व्यवसायिक स्थायी लेखानम्बर दर्ता (संख्या) | ८१० | ४२९ | ५३ | |
| ७ | मूल्य अभिवृद्धि कर दर्ता (संख्या) | - | ४३ | १०० | |
| ८ | कानूनी कारवाहीबाट मु.अ.क.मा दर्ता(संख्या) | ० | १ | १०० | |
| ९ | अन्त: शुल्क नवीकरण (संख्या) | १०७० | १०१३ | ९५ | |
| १० | मु.अ.क. दर्ता परीक्षण (संख्या) | ६ | ७ | ११७ | |
| ११ | WPAN दर्ता (संख्या) | - | ७३ | १०० | |
| १२ | द्रुत कर परीक्षण (रु) | ८,२६,१९०।- | २२,९५,०००।- | ६६० | |
| १३ | करदाता शिक्षा (संख्या) | ६ | ५ | ८३ | |
| १४ | करदाता शिक्षामा सहभागी (संख्या) | १८० | १९३ | १०७ | |

| क्र. सं. | परिसूचक | पुष महिनासम्मको लक्ष्य | कार्य प्रगति | प्रगति % | कै. |
|---|---|---|---|---|---|
| १५ | बायोमेट्रिक अद्यावधिक संख्या | २५४ | २०१ | ७९ | |

यस कार्यालयको तालुक निकाय आन्तरिक राजस्व विभागले यस त्रैमासिक अवधिसम्मका लागि विभिन्न परिसूचकमा निर्धारण गरेको लक्ष्यहरुसँग प्रगतिको तुलनात्मक तालिकालाई तपसिल बमोजिम प्रस्तुत गरिएको छ :




## ९.२ त्रैमासिक अवधिमा सम्पादित अन्य महत्वपूर्ण कार्यहरु

- बाह्रौ राष्ट्रिय कर दिवस तथा सप्ताहको अवसरमा विभिन्न अन्तरक्रिया तथा कर सचेतना कार्यक्रमहरु सम्पन्न गरिएको,
- आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम करदातालाई समयमै आय विवरण पेश गर्न सचेतना मूलक सूचनाहरु प्रकाशन गरेको,
- आर्थिक ऐन, २०८० को दफा ३६ बमोजिम निर्माण व्यवसाय गर्ने व्यक्तिहरुलाई बक्यौता, मूल्य अभिवृद्धि कर छुटसम्बन्धी जानकारी दिन निर्माण व्यवसायी संघ प्यूठान र रोल्पासँग निरन्तर समन्वय, फोन सम्पर्क र पत्राचार समेत गरिएको ।
- कर कानूनको परिपालना तथा दायरा विस्तारका लागि कार्यालयको कार्यक्षेत्रका सबै स्थानीय तहहरुलाई ४ बुँदे निर्देशनसहितको पत्राचार गरिएको ।

## १०.सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

**कार्यालय प्रमुखको विवरण :-**

कार्यालय प्रमुखको नाम/थर :- उपेन्द्र बहादुर पुन

पद, सेवा, समूह, श्रेणी :- कर अधिकृत, नेपाल प्रशासन, राजस्व, राजपत्रांकित तृतीय

ईमेल :- tso-chakchake@ird.gov.np

सम्पर्क नं.:-०८६-५९००५६ वा ९८६७८१६९०१

**सूचना अधिकारीको विवरण :-**

सूचना अधिकारीको नाम/थर :- हेतुराम पुन

पद, सेवा, समूह, श्रेणी :- नायव सुब्बा, नेपाल प्रशासन, राजस्व, राजपत्र अनंकित प्रथम

ईमेल :- tso-chakchake@ird.gov.np

सम्पर्क नं.:- ०८६-५९००५६ वा ९८५७८३६०५६

## ११.ऐन, नियम वा विनियम वा निर्देशिकाको सूची

- आयकर ऐन, २०५८
- आयकर नियमावली, २०५९
- मूल्य अभिबृद्धि कर ऐन, २०५२
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- अन्त:शुल्क ऐन, २०५८
- अन्त:शुल्क नियमावली, २०५९
- मदिरा ऐन, २०३१
- मदिरा नियमावली, २०३३
- अन्त:शुल्क निर्देशिका, २०६८
- विद्युतीय बीजकसम्बन्धि कार्यविधि, २०७४
- पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

- बेरुजु :- नभएको
- आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेट र खर्चको विवरण निम्न तालिकामा पस्तुत गरिएको छ ।

| विवरण | विनियोजित | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|
| चालु | ८०,४०,०००।- | २१,९४,२११।- | ५८४५७८८।- | |
| पुँजीगत | १,००,०००।- | ९९,४९४।- | ५०६।- | |

## १३. तोकिए बमोजिमका अन्य विवरण

### १३.१ सेवा प्रवाह सुदृढीकरणका प्रयासहरु

१. सूचना अधिकारीको व्यवस्था: सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना अधिकारी नियुक्त गरी निजका लागि छुट्टै फोन नम्वरको व्यवस्था ।

२. स्वत: प्रकाशन :- कार्यालयबाट भए गरेका मुख्य मुख्य कार्यहरुको स्वत: प्रकाशन गर्ने ध्येयले त्रैमासिक वा चौमासिक रुपमा "कर बुलेटिन" प्रकाशन ।

३. कार्यालयको सम्पादित कार्यहरुको समीक्षा तथा आगामी योजना र रणनीति सम्बन्धमा छलफल गरी निर्णय गर्न मासिक बैठक नियमित रुपमा सम्पन्न गरिएको ।

४. विद्युतीय शासन

- कार्यालय समयभित्र प्राप्त इमेलहरुको तत्काल प्रत्युत्तर दिइने ।
- इमेल वा फोनमार्फत समेत सेवा प्रवाह गर्ने गरिएको ।
- अनलाईन पोर्टल(Any Desk) समेतको प्रयोबाट करदातालाई सहजीकरण:- मूलत: भौंचर सिर्जना गर्न, विववरण प्रविष्ट गर्न, आवेदन सम्प्रेशण गर्न आदी कार्य कम्प्युटरकै माध्यमबाट सेवा ।
- कार्यालयको नाममा फेसबुक पेज सञ्चालन गरी कार्यालयसँग सम्बद्ध सूचना सम्प्रेषण ।
- भाईबर तथा ह्वाट्सअप जस्ता सामाजिक सञ्जालका माध्यमबाट समेत करदाताहरुलाई सेवा-प्रवाह गर्ने गरिएको ।

५. उजुरी पेटिकाको व्यवस्था :- करदाताहरुको गुनासो सङ्कलन तथा सुनुवाइका लागि उजुरी पेटिकाको व्यवस्था ।

६. शुद्ध खानेपानीको व्यवस्था :- करदाता वा सेवाग्राहीका लागि खानेपानीको व्यवस्था ।

७. शौचालय व्यवस्थापन :- सेवाग्राहीहरुका लागि शौचालयको व्यवस्था र सोको सरसफाइमा विशेष ध्यान दिइएको ।

८. कर शिक्षा तथा चेतना :- करदाता शिक्षा तथा कर चेतना कार्यक्रम मार्फत करदाताहरुलाई कर कानुनको पालना, कानुनमा भएका परिवर्तित व्यवस्था तथा सरकारप्रदत्त छुट, सुविधा र सहुलियतका बारेमा जानकारी गराउने ध्येयले गरी कार्य क्षेत्र जिल्लाका विभिन्न स्थानमा गई कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने गरिएको ।

९. बजार अनुगमन :- व्यवसायीलाई करको दायरामा ल्याउन र कर कानुनको परिपालना गराउन नियमित रुपमा बजार अनुगमन गर्ने गरिएको ।

१०. सेवाग्राहीमैत्री भौतिक संरचना: करदाताहरुलाई लाइनमा बस्नु नपर्ने । सेवा प्रवाह कक्षसँग करदाताहरुलाई बस्न मिल्ने कुर्सीहरुको व्यवस्था गरिएको ।

११. फाइलसँगै घुम्नु पर्ने व्यवस्थाको अन्त्य :- विशेष प्रयोजनार्थ बाहेक करदाताले फाइल बोकी कार्यालयका कोठा कोठा धाउनु नपर्ने । कार्यालयका कर्मचारीले नै सबै प्रकृया पूरा गरिदिई करदाताको काम गरिदिने व्यवस्था ।

१२. वेवसाईट अद्यावधिक :- कार्यालयको वेभसाइट अद्यावधिक गरी नियमित रुपमा सूचना प्रकाशन गर्ने गरिएको ।

## १३.२ बाह्रौ कर दिवस तथा कर सप्ताह सम्पन्न

### १३.२.क. उद्घाटन कार्यक्रम सम्पन्न

बाह्रौं कर दिवस तथा कर सप्ताहको अवसरमा यस करदाता सेवा कार्यालयले कर दिवस तथा कर सप्ताहको पहिलो दिन २०८० मंसिर १ गते शुभकामनासहितको व्यानर



कार्यालय परिसरमा टाँस गरेको थियो । यसै गरी कार्यालयले कर सम्बन्धी जानकारी मूलक पुस्तिका , को विमोचन २०८० तथा अनलाइन सेवा कार्य स्तिका बजार प्रक्रिया पु क्षेत्रमा वितरण समेत गरेको थियो । साथै कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई खादाघाटन टिका र फुलले सम्मान गरिएको थियो । सो उद् , कार्य समिति सदस्य एवम् माण्डवी ,कार्यक्रम प्यूठान जिल्ला उद्योग वाणिज्य संघ छ आतिथ्यता तथा करदाता सेवा गाउँपालिका इकाई कमिटिका संयोजक बसन्त श्रे प्यूठानका कार्यालय प्रमुख ,चकचके ,कार्यालयएवम् कर अधिकृत श्री उपेन्द्रबहादुर पुनको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रमको सहजीकरण कार्यालय नायव सुब्बा श्री हेतुरामले पुनले गर्नु भएको थियो ।

### १३.२.ख. कर सप्ताहको अवधिमा अन्तरक्रिया तथा कर सचेतना कार्यक्रम सम्पन्न

बाह्रौं कर दिवस तथा कर सप्ताहको अवसरमा यस करदाता सेवा कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विभिन्न स्थानीय तहहरुमा पुगी स्थानीय व्यवसायीहरुसँग अन्तरक्रिया तथा कर सचेतना कार्यक्रम सम्पन्न गरेको छ । स्थानीय व्यवसायीहरुको कर राजस्व सम्बन्धी समस्या तथा द्विविधाको पहिँचान गर्न स्थानीय तथा तल्लो तहमा रहेका व्यवसायीहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।

सरुमारानी गाउँपालिका इकाईको समन्वय ,यसै क्रममा प्यूठान उद्योग वाणिज्य संघ गते बिहान ५ मंसिर २०८० प्यूठानको आयोजनामा ,चकचके ,ता सेवा कार्यालयतथा करदा ९ ,बजे सरुमारानी गाउँपालिकाको सभाहल बडडाँडा ००.प्यूठानमा स्थानीय व्यवसायीहरुसँग अन्तरक्रिया तथा कर सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । सो कार्यक्रममा स्थानीय व्यवसायीहरुले आफ्ना समस्या तथा द्विविधाहरु राखेका थिए भने उल्लिखित समस्या तथा

द्विविधाहरुको कार्यालय प्रमुख एवम् कर अधिकृत श्री उपेन्द्रबहादुर पुन  र नायव सुब्बा श्री हेतुराम पुनले सम्बोधन गर्नु भएको थियो ।

यसैगरी प्यूठान उद्योग वाणिज्य संघ स्वगर्द्वारी नगरपालिका इकाईको समन्वय तथा ,




,करदाता सेवा कार्यालय प्यूठानको आयोजनामा ,चकचके गते दिन ५ मंसिर २०८०को ४बजे प्यूठान उद्योग ३०. ,वाणिज्य संघको सभाहल जलुके प्यूठानमा स्थानीय व्यवसायीहरुसँग अन्तरक्रिया तथा कर सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । सो कार्यक्रममा स्थानीय व्यवसायीहरुले राखेका समस्या तथा द्विविधाहरुको सम्बोधन कार्यालय प्रमुख एवम् कर अधिकृत श्री उपेन्द्रबहादुर पुन  र नायव सुब्बा श्री हेतुराम पुनले गर्नु भएको थियो ।

यसै क्रममा रोल्पा उद्योग वाणिज्य संघको समन्वय तथा करदाता सेवा कार्यालय ,



प्यूठानको ,चकचके मंसिर २०८० आयोजनामा .१० हानगते बि ६०० बजे एलिजा होटेलसुलिचौरको , सभाहल रोल्पामा स्थानीय व्यवसायीहरुसँग अन्तरक्रिया तथा कर सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । सो कार्यक्रममा रोल्पा उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री मिलन रोका मगरले स्थानीय व्यवसायीहरुलाई व्यवसाय गर्ने क्रममा देखिएका समस्याहरु निर्धक्क भई राख्न आग्रह गर्नु भएको थियो । रोल्पा उद्योग वाणिज्य संघजिल्ला कार्य समितिका सदस्य एवम् सुनिल , को स्वागत मन्तव्यबाट सुरु भएको .सी.स्मृति गाउँपालिका इकाईका संयोजक ओविलाल के थापाले व्यवसायीमैत्री  सो कार्यक्रममा रोल्पा उद्योग वाणिज्य संघका सचिव श्री साजनकुमार सेवा प्रवाह गर्दै आएकोमा कार्यालयलाई धन्यवाद दिँदै निरन्तरताको लागि आग्रह समेत गर्नुभएको थियो । सो अन्तरक्रिया कार्यक्रममा स्थानीय व्यवसायीहरुले राखेका समस्या तथा

द्विविधाहरुको सम्बोधन कार्यालय प्रमुख एवम् कर अधिकृत श्री उपेन्द्रबहादुर पुन  र नायव सुब्बा श्री हेतुराम पुनले गर्नु भएको थियो ।

### १३.२.ग. करदाता सम्मान तथा कर सप्ताह समापन

आर्थिक समृद्धि र ,सामाजिक न्याय ,पारदर्शी र प्रविधिमैत्री कर प्रशासन ,स्वच्छ" भन्ने मूल नाराका साथ "सुशासन मनाइएको राष्ट्रिय कर दिवस तथा कर ७ मंसिर २०८० सप्ताहको अन्तिम दिन .११ गते बिहान३० बजे करदाता सेवा कार्यालयचकच ,केप्यूठानको परिसरमा , करदाता सम्मान तथा कर सप्ताहको समापन कार्यक्रम सम्पन्न भयो । रोल्पा केशव  उद्योग वाणिज्य संघका अध्यक्ष श्री कुमार आचार्य र प्यूठान उद्योग वाणिज्य संघका महासचिव श्री सन्देश आचार्यको विशेष आतिथ्यता तथा करदाता सेवा



चकचके प्यूठानक ,कार्यालय ा कार्यालय प्रमुख एवम् कर अधिकृत श्री उपेन्द्रबहादुर पुनको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यालयका डाटा इन्ट्री सुपरभाइजर श्री सुमन चौधरीको  स्वागत मन्तव्यबाट सुरु भएको सो कार्यक्रमका विशेष अतिथि रोल्पा




उद्योग वाणिज्य संघका अध्यक्ष श्री केशव कुमार आचार्यले व्यवसायीमैत्री कर प्रशासनका लागि हातेमालो गर्न उद्योग वाणिज्य संघ तयार रहेको बताउँदै रोल्पा जिल्लाका विभिन्न स्थानीय तहसम्म करदाता शिक्षा तथा सचेतना कार्यक्रम गर्न विशेष आग्रह गर्नु भएको थियो । यसैगरी अर्को अतिथि प्यूठान उद्योग वाणिज्य संघका महासचिव श्री सन्देश आचार्यले व्यवसायीमा कर सम्बन्धी सचेतनाको कमीले विभिन्न दण्ड तथा जरिवाना पर्ने भएकोले कार्यालयले यस तर्फ विशेष पहल गर्नु पर्ने बताउनु भयो ।

सो कार्यक्रममा आर्थिक वर्ष २०७८ मा बढी आय कर तिर्ने करदाताहरु ०७९/ शोनु फ्युल एण्ड अटो केमिकल्स खुंग्री रोल्पा ,नितेश अर्डर एण्ड सप्लायर्स बाग्दुला प्यूठान र




विजुवार महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड, प्यूठानलाई प्रमाण पत्रखादा र फुलमालाले , सम्मान गरिएको थियो । सम्मान प्रमाण पत्रको वाचन गरी करदाताहरुको नाम घोषण करदाता सेवा कार्यालयका लेखापाल श्री कृष्णबहादुर पुन मगरले गर्नु भएको थियो ।कार्यक्रम समापन गर्दै कार्यालय प्रमुख एवम् कर अधिकृत श्री उपेन्द्रबहादुर पुनले कार्यालयले करदातामैत्री सेवा प्रवाह गर्दै आईरहेको र अझ यसमा थप सुधार गर्दै लैजाने प्रतिवद्धता समेत गर्नु भएको थियो ।

## १४. विविधः

- प्रत्येक करदाताले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र आय विवरण र सो अनुसार लाग्ने कर बुझाउनु पर्दछ । उदाहरणका लागि आ.व. २०७९/०८० को आय विवरण र सो अनुसारको कर रकम संवत् २०८० साउन देखी असोज सम्म बुझाईसक्नु पर्दछ ।
- अन्त:शुल्कजन्य वस्तुको कारोबार गर्ने करदाताले आर्थिक वर्ष २०८०/०८१ को लागि ईजाजतपत्र संवत् २०८० साउन मसान्तसम्ममा नवीकरण गराई सक्नु पर्दछ । साउन मसान्तसम्म नविकरण नगरे/नगराएमा भदौ देखी प्रत्येयक ३/३ महिनामा क्रमश: २५, ५०, ७५ र १०० प्रतिशतका दरले जरिवाना लाग्दछ ।
- पूर्वानुमानित कर विवरण बुझाउने करदाता (वार्षिक रु. ३० लाख सम्म वा आय रु. ३ लाख हुने करदाता) वा डे०१ आय विवरण बुझाउने करदाताले आ.व. २०७९/०८० को निम्न बमोजिम कर तिर्नु पर्दछ:-
    - गाउँपालिका क्षेत्रमा दर्ता कायम रहेका करदाताहरुको लागि:- रु. २,५००/-
    - नगरपालिका क्षेत्रमा दर्ता कायम रहेका करदाताहरुको लागि:- रु.४,०००/-
    - महानगर/उपमहानगरपालिका क्षेत्रमा दर्ता कायम रहेका करदाताहरुको लागि :- रु. ७,५००/

- डे०२आय विवरण बुझाउने करदाताले तिर्नुपर्ने कर कारोबार रकमका आधारमा तय हुन्छ ।
- डे०३ आय विवरण बुझाउने करदाताले आफ्नो कारोबारको लेखापरीक्षण गरी/गराई सोका आधारमा लागेको कर दाखिला गर्नु पर्दछ ।
- डे०१/डे०२ को करचुक्ता प्रमाणपत्र तथा नविकरण भएको अन्त:शुल्क ईजाजत-पत्र करदाता स्वयंले प्रिन्ट गरेर लिन सक्दछन् ।
- कर प्रशासनसमबन्धी कुनै दुबिधा, जिज्ञासा वा प्रश्न भएमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

## १५.कार्यालयको सम्पर्क

- **कार्यालयको सम्पर्क नं. :** ०८६-५९००५६
- **कार्यालय प्रमुख/कर अधिकृत :** ९८६७८१६९०१
- **सूचना अधिकारी :** ९८५७८३६०५६
- **Website:** www.ird.gov.np/branch/taxpayerserviceofficechakchakepyuthan
- **E-mail:**tso-chakchake@ird.gov.np
- **फेसबुक आईडी :** करदाता सेवा कार्यालय चकचके प्यूठान
- **ठेगानाः** करदाता सेवा कार्यालय चककचके, माण्डवी गाउँपालिका-३, जस्पुर, प्यूठान

## १९.कार्यालयमा परेका सूचना सम्बन्धी माग विवरण र सो को जानकारी दिएको विषय

यस अवधिमा सूचना माग गर्न कुनै निवेदन नपरेको ।

## २०.कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरणः

Website: ww.ird.gov.np/branch/taxpayerserviceofficechakchakepyuthan र फेसबुक पेज करदाता सेवा कार्यालय, चकचके, प्यूठानबाट नियमित रुपमा सूचनाहरु सार्वजनिक हुने गरेको, नागरिक वडा पत्र, एकीकृत नागरिक वडा पत्र, साथै आवश्यकता अनुसार जिल्ला हुलाक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तहहरुमा समेत प्रकाशन हुनसक्ने ।

(समाप्त)